म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३१२ शनिबार ८ असार २०८१ ने. सं. ११४४ तछलाथ्व 22 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पर्सा निकुञ्जमा सेनासँगको मुठभेढमा हेटौंडाका तितुङको मृत्यु

हेटौंडा, ७ असार/बारास्थित पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा सेनासँगको मुठभेढमा एक व्यक्तिको मृत्यु भएको छ । निकुञ्जमा सुरक्षार्थ तैनाथ नेपाली सेना र निकुञ्ज प्रशासनका कर्मचारीसहित नियमित गस्तीमा रहेको टोलीमाथि पकडीवास ठूलोथलीमा सिकारीको समूहले फायर खोल्दा सेनाले जवाफी फायरिङ गरेको जनाइएको छ । हतियारसहित निकुञ्ज इलाकामा प्रवेश गरेका सिकारीलाई नभाग्न चेतावनी दिएकामा उल्टै सेनाको टोलीमाथि शिकारी समूहले फायरिङ गरेपछि सेनाको गस्तीले जवाफी फायरिङ गर्नु परेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । सेनाको जवाफी फायरिङपछि भागेका शिकारीको टोलीलाई घटनास्थल वरपर खोज्दै जाँदा एकजना मृत अवस्थामा फेला परेको सेनाले पुष्टि गरेको छ । सेनाले हानेको गोली लागेर मृत्यु हुनेमा हेटौंडा-१४ का शुक्रवहादुर तितुङ रहेका जनाइएको छ । घटनास्थलबाट सेनाले दुई नाल भरुवा बन्दुक र शिकारीले प्रयोग गरेका बन्दोबस्तीका सामग्री फेला परेको जानकारी दिएको छ ।

### बागमतीमा प्रतिपक्षी रिझाउन बजेट ल्याएको सातदिनमै रकमान्तर गर्ने सहमति

# बजेट आफ्नो पक्षमा पार्न गलत नजिर विकास गर्दै दलहरु

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ सत्तापक्षले ल्याएको बजेट आफ्नो पक्षमा पार्न राजनीतिक दलहरुले गलत नजिरको विकास गर्दै गएका छन् । बागमती प्रदेशमा प्रतिपक्षी दललाई रिझाउन बजेट ल्याएको सातदिनमै मन्त्रालयगत योजनामा बजेट रकमान्तर गर्ने दलीय सहमति भएको छ ।

बजेट प्रस्तुत भएको सातौं दिन अर्थात शुक्रबार मुख्यमन्त्री निवासमा भएको बैठकमा प्रदेशका राजनीतिक दलबीच बजेट रकमान्तर गर्ने सहमति गरेर प्रदेशसभाको अवरोध हटाइएको छ । यसरी बजेटमा दलीय स्वार्थ हाबी भएपछि यसको असर दूरगामी रुपमा पर्ने बिष्लेसकहरुले बताएका छन् । आगामी आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तुत बजेट प्रदेशसभा बैठकबाट पास हुन बाँकी भएपनि दलीय स्वार्थ मिलेपछि 'तैं चुप मै चुप' को अवस्था आउने छ । आर्थिक मामिलामन्त्री जगन्नाथ थपलियाले १ असारमा ६४ अर्ब ५४ करोड ४ लाखको बजेट प्रस्तुत गरेका थिए ।

बजेटमाथिको सैद्धान्तिक छलफल बिहीवारबाट सुरु गर्ने प्रदेशसभाको कार्यसूची थियो । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, विपक्षी दल राप्रपाले बजेटमाथिको छलफल सुरु हुनै नदिएर अवरोध गरेपछि बैठक स्थगित भएको थियो । बिहीबारको बैठकमा कांग्रेस बागमती संसदीय दलका नेता तथा पूर्वआर्थिक मामिलामन्त्री बहादुरसिं लामाले बजेट पूर्वाग्रही, असन्तुलित र त्रुटिपूर्ण रहेको भन्दै नसच्याएसम्म प्रदेशसभा सञ्चालन हुन नदिने अडान लिएका थिए ।

माओवादी र कांग्रेसको सत्तासमिकरणको समयमा लामाले ल्याएको बजेटमा एमालेको चर्को बिरोधले बजेट कार्यान्वयन हुन नसकेको अवस्था थियो । अहिले पुन: यही नजिर दोहोरिएको छ । शुक्रबार पनि प्रदेशसभा अवरोधको संकेतपछि सरकार र प्रतिपक्षी दल कांग्रेस र राप्रपाबीच पाँच बुँदे सहमति भएको हो । सहमतिको तेस्रो बुँदामा प्रतिपक्ष दलहरुले मागगरे बमोजिम कार्यक्रम शीर्षकमा शिलिङ भित्रको अपुग रकम थप गर्ने र थप रकम रकमान्तर गरी सुनिश्चितताको लागि मन्त्रीस्तरीय निर्णय गरी प्रतिपक्ष दललाई आश्वस्त पार्ने उल्लेख छ ।

सहमतिको चौथो बुँदामा बिषयगत मन्त्रालयमा राखिएको अबन्डामा रहेको रकम प्रतिपक्ष दलहरुले प्रस्ताव गरे बमोजिमको प्रकृति मिल्ने खालको शीर्षकमा बजेट व्यवस्था गर्ने र सुनिश्चितको लागि मन्त्रीस्तरीय निर्णय गर्ने सहमति भएको छ । सहमतिपत्रमा सरकारका तर्फबाट मुख्यमन्त्री शालिकराम जम्कट्टेल, आर्थिक मामिलामन्त्री थपलिया, नेकपा (एकीकृत समाजवादी)का नेता कृष्णप्रसाद शर्माखनाल तथा प्रतिपक्षीका तर्फबाट कांग्रेसका नेता लामा र राप्रपाका नेता उद्धव थापाले हस्ताक्षर गरेका छन् ।

छुटेका योजना र साना योजनामा बजेट रकमान्तर गरेर थप्ने सहमति भएको नेकपा माओवादी केन्द्रका मुख्य सचेतक रत्नप्रसाद ढकालले जानकारी दिए । 'मन्त्रालयगत रुपमै साना योजनामा थप बजेट रकमान्तर गर्ने सहमति भएकोछ, त्यसको लागि मन्त्रिपरिषद्बाट निर्णय हुनेछ,' उनले भने । सांसदहरुलाई शुक्रबार साँझसम्म बजेट थप गर्नुपर्ने योजनाको विवरण उपलब्ध गराउन भनिएको उनले जानकारी दिए ।

कानुनत: बजेटको १० प्रतिशतसम्म मात्र रकमान्तर गर्न सकिने व्यवस्था छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चालू आर्थिक वर्ष २०८०/८१ मै बजेट रकमान्तर नगर्न केही समय अघिमात्र प्रदेश सरकारलाई सुझावसहितको पत्र पठाएको थियो । अख्तियारको पत्रकै कारण चालू आवमा तत्कालीन प्रतिपक्ष दल एमाले र राप्रपाको थप योजना समेट्ने २१ असार २०८० को मन्त्रिपरिषद्को निर्णय नै कार्यान्वयन हुन सकेको थिएन । पछि संसदीय विशेष समिति बनाएर बजेट विवाद हल गर्न खोजिए पनि समितिको निर्देशनमा थप भएका टुक्रे योजना समेत कार्यान्वयनमा जान सकेन ।

शुक्रबार साँझ सुरु भएको प्रदेशसभा बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री थपलियाले प्रतिपक्षी दलका छुटेका योजना र सिलिङअनुसार बजेटमा तलमाथि भएको भए कानुनअनुसार सम्बोधन गरेर जाने विषयमा प्रतिबद्धता जनाएको बताए । दलीय समझदारी भएपछि नै प्रदेशसभा बैठक सुचारु भएको उनले बताए । राप्रपा संसदीय दलका नेता थापाले मुख्यमन्त्रीले पठाएको बजेट सिलिङमा तलमाथि गर्ने अधिकार कसले दियो ? भन्दै प्रश्न गरे । सत्तापक्षकै सांसदले आफ्नो निर्वाचन क्षेत्रमा ४० करोड बढी बजेट लगेको र अर्को सांसदले ४० लाख पनि नपाउने अवस्था रहेको उनले बताए ।

विपक्षी दल नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का नेता सुरेन्द्रराज गोसाईंले प्रदेशको सातौं वर्षमा आइपुग्दा बजेटमाथिको छलफल उत्साहहीन हुनु दु:खद् भएको बताए । राजनीतिक चिन्तनका कारण बजेट, आर्थिकप्रणाली र नीतिको असफलता भइरहेको उनले बताए । भागबण्डाको राजनीतिमा डकैतहरुको पनि भागबण्डा नै हुने रहेछ भन्दै गोसाईंले भने, 'जसको बढी हतियार उसलाई बढी भाग । हामी त्यही शैलीमा गइरहेका हौं, यो विषयमा प्रदेशले जवाफ दिनुपर्छ ।'

# हेटौंडा उपमहानगरपालिकाको बजेट पारित

साझाकुरा संवाददाता



हेटौंडा, ७ असार/ हेटौंडा उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को लागि ल्याइएको नीति तथा कार्यक्रम र बजेट पारित भएको छ ।

उपमहानगरपालिकाले गत असार २ गते प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेट शुक्रबार बसेको १५ औं अधिवेशनको दोस्रो बैठकले सर्वसम्मत पारित गरेको हो । उपमहानगरपालिकाको आगामी आवको लागि कुल २ अर्ब ४३ करोड ८९ लाख ७१ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको थियो । आगामी आर्थिक वर्षका लागि सार्वजनिक भएको बजेट चालु आर्थिक वर्षको तुलनामा ४६ करोड ७२ लाख २९ हजार रुपैयाँ अर्थात १६ दशमलव ०७ प्रतिशतले कम छ । अर्थतन्त्रमा परेको प्रतिकूल प्रभाव तथा संघ र प्रदेशबाट भएको घट्दो बजेट सीमालाई ख्याल गर्दै बजेटको आकार घटाएको उपमहानगरले जनाएको छ ।

आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये संघीय सरकारको अनुदानबाट १ अर्ब १६ करोड ५३ लाख, आन्तरिक स्रोतबाट ५३ करोड २७ लाख ९५ हजार, राजस्व बाँडफाँडबाट ६१ करोड ६५ लाख तथा प्रदेश सरकारको विभिन्न अनुदानबाट ११ करोड १७ लाख रुपैयाँ रहेका छन् । उपमहानगरले पूर्वाधार क्षेत्र विकासमा पर्ने सडक, ऊर्जा, वत्ती, जलस्रोत, पर्यटन, भवन तथा अवासलगाततर्फ ८८ करोड ८६ लाख ९९ हजार रुपैयाँ, आर्थिक विकासतर्फ ७ करोड ५६ लाख, सामाजिक विकासतर्फ ९३ करोड १९ लाख, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ३ करोड १२ लाख, कार्यलय सञ्चालन तथा प्रशासनिक खर्च एवम् वित्तीय व्यवस्थापनतर्फ साँवा व्याज भुक्तानीका लागि ४० करोड ६२ लाख सुशासन तथा संस्थागत विकासतर्फ २ करोड ५१ लाख रुपैयाँ विनियोजन गरेको छ ।

# मुस्लिम आयोगको हेटौंडामा अभिमुखीकरण




साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिकलगायत विविध विषयमा सशक्तिकरण तथा क्षमता विकास सम्बन्धी अभिमुखीकरण हेटौंडामा सम्पन्न भएको छ ।

मुस्लिम आयोगको आयोजनामा हेटौंडामा शुक्रबार भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा बागमती प्रदेश सरकारका युवा तथा खेलकुद मन्त्री रमा आलेमगरले मुस्लिम समुदायको सशक्तिकरणमा प्रदेश सकारको सधैं सहयोग रहने प्रतिबद्धता ब्यक्त गरिन् ।

मुस्लिम लगायत सीमान्तकृत तथा अल्पसंख्यक जाति समुदायको लागि सरकारले संविधानमै आरक्षणको ब्यवस्था गरेको बताउँदै उनले भनिन्, 'प्राप्त अधिकारहरु लिनको लागि समुदाय नै अग्रसर हुनुपर्छ । राज्य सहयोग गर्न तयार छ तर, राज्यको ढोकासम्म तपाईहरु आउनुपर्छ ।,' साथै धर्म र जातिको नाममा हुने बिभाजन र राजनीति रोक्न सबै समुदाय सचेत हुनपर्ने मगरको भनाई छ ।

मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले लामो संघर्षपछि संविधानमा मुस्लिम समुदायको अधिकारहरु उल्लेख भएको र सोही अनुसार आयोग बनेको बताए ।

आयोग बनेपछि बिभिन्न क्षेत्रमा आरक्षण, समान शिक्षा, सीप विकास, महिलाअधिकारलगायतको पक्षमा उल्लेखित काम भएको उनको भनाई छ । 'अझै पनि मुस्लिम महिला शिक्षामा पछाडि छ, अन्य समुदायसरह बिभिन्न क्षेत्रमा प्रतिस्पर्धा गर्न सकिरहेको छैन', अन्सारीले भने, 'अधिकार खोज्ने मात्र होइन, समान प्रतिस्पर्धा गर्न सक्ने बनाउने हाम्रो उद्देश्य हो ।,'

कार्यक्रममा मुस्लिम आयोगका सदस्य तथा प्रवक्ता मिर्जा अर्सांद वेग, सदस्य मोहम्मद समसुल हक, नेपाली कांग्रेस मकवानपुरका सचिव ईश्वर पाठक, नेकपा एमालेका जिल्ला सदस्य सानु लामा, नेपाल समाजवादी पार्टी मकवानपुरका इन्चार्ज इजहार आलम, मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजकुमार न्यौपाने, कुस्ती संघका केन्द्रीय कोषाध्यक्ष जब्स मियाँ लगायतको आतिथ्यता रहेको थियो ।

# चिट्ठा विधेयकमा नियत ठीक देखिएन: प्रदेशप्रमुख शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले चिट्ठा विधेयक प्रदेश सरकारले सही मनसायले नल्याएको बताएका छन् ।

शुक्रबार प्रदेशप्रमुख कार्यालयमा पत्रकारसँग भएको भेटघाटमा बोदै उनले चिट्ठा विधेयकमा सरकारको नियत ठीक नभएको बताएका हुन् । शर्माले विधेयकमा भएको प्रावधानले सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा पार्न सक्ने दीर्घकालीन प्रभावलाई विश्लेषण गरेर नै सदनमा पुन:विचारको लागि फिर्ता पठाएको स्पष्टीकरण दिए । संविधानले निर्दिष्ट गरेको अधिकार लाई नै प्रयोग गरेर विधेयक फिर्ता पठाएको उनको भनाई थियो । विधेयक परिमार्जन भएर आए प्रमाणिकरण गर्न कुनै समस्या नरहने समेत उनले बताए ।

शर्माले जनताको सुसूचित हुने हकलाई मिडियाले प्रवलीकरण गरेको जनाए । सञ्चारकर्मीहरुले टिआरपी बढाउनै लागि समाचार सम्प्रेषण गर्न नहुनेमा पनि शर्माले जोड दिए । उनले जनतालाई सही सूचना उपलब्ध गराउन आधुनिक सञ्चार माध्यमको सकारात्मक भूमिका अत्यावश्यक रहेको उल्लेख गरे । राष्ट्रको उत्थान गर्न, अवसर खोज्न आधुनिक मिडियासँगको सम्बन्धमा सुनेको सामान्य जनताको भावनाको बारेमा वर्णन गर्न आवश्यक रहेको उनको भनाई छ ।

उनले सञ्चारकर्मीलाई निष्पक्ष ढंगले कलम चलाएर इमान्दार पत्रकारिताको नमूना बन्न सक्नुपर्नेमा जोड दिएका छन् । जिम्मेवार र जवाफदेही आधुनिक सञ्चारमाध्यमको कलम सत्यतथ्यमा आधारित नहुँदा सिंगो पत्रकारितामा धमिलोपन हुने उनको दृष्टिकोण थियो ।

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा | बैंकिङ कक्षा तयारी
खरिदार | नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा | नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा
☛ शान्त तथा स्वच्छ वातावरण ☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक ☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७
सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# एनभिडिया बन्यो विश्वको सबैभन्दा मूल्यवान कम्पनी




एनभिडिया विश्वको सबैभन्दा मूल्यवान कम्पनी बनेको छ । मंगलबार हालसम्मकै उच्च शेयर मूल्य कायम गर्दै एनभिडियाले माइक्रोसफ्टलाई समेत उछिनेर विश्वको सबैभन्दा मूल्यवान कम्पनी बन्न सफल भएको बीबीसीले जनाएको छ ।

विद्युतीय डिभाइसहरूमा प्रयोग हुने चिप उत्पादनकर्ता एनभिडियाको शेयर मूल्य ३.५ प्रतिशतले बढेर ३.४ ट्रिलियन (३३ खर्ब ३५ अर्बरु) डलर पुगेको छ । माइक्रोसफ्टको कूल बजार मूल्य (पुँजीकरण) ३.३१७ ट्रिलियन (३३ खर्ब १० अर्ब) डलर छ ।

यस्तै तेस्रो नम्बरमा मूल्यवान कम्पनीका रूपमा एप्पल रहेको छ । एप्पलको कूल बजार मूल्य ३.२८ ट्रिलियन (३२ खर्ब ८० अर्ब) डलर छ । यस्तै अल्फाबेट चौथो नम्बरमा आएको छ। उसको कूल बजार मूल्य २.१७ ट्रिलियन (२८ खर्ब ९६ अर्ब) डलर छ ।

यस्तै अमेजनको १.९० ट्रिलियन, साउदी आरामकोको १.७९ ट्रिलियन, मेटाको १.२७ ट्रिलियन, बीआरके डट बीको ८८०.९४ बिलियन डलर कुल पुजी रहेको छ । यसैतै इली लिलीको ८४७.२५ बिलियन डलर र ब्रोडकमको ८३९ बिलियन डलर कुल पुजी रहेको बीबीसीले उल्लेख गरेको छ ।

एनभिडियाले आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी सफ्टवेयरलाई आवश्यक कम्प्युटर चिप उत्पादन गर्दै आएको छ । पछिल्लो समय एआईको तरंगसँगै एनभिडियाका प्रोडक्टको माग ह्वात्तै बढेको छ । बीबीसीका अनुसार एनभिडियाको आय थप बढ्ने कतिपय लगानीकर्ताहरूको विश्वास छ ।

माइक्रोसफ्ट, अल्फाबेट (गुगल), मेटा, एप्पलजस्ता ठूला प्रविधि कम्पनीहरूबीच एआई प्रविधिमा प्रतिस्पर्धा बढिरहेकाले यसको फाइदा आगामी दिनमा एनभिडियालाई पुग्ने देखिएको छ । एआई चिप मार्केटमा प्रभुत्व कायम गरि आएको एनभिडिया वाल स्ट्रिटमा सर्वाधिक कारोबार हुने कम्पनीका रूपमा रहेको छ । यसको दैनिक कारोबार औसतमा ५० अर्ब डलर रहेको रोयटर्सले जनाएको छ ।

माइक्रोसफ्ट, एप्पल र टेस्लाको दैनिक कारोबार करिब १० अर्ब डलर रहँदै आएको छ । यो वर्ष मात्रै एनभिडियाको शेयर लगभग तीन गुणाले वृद्धि भएको छ ।

**यौन स्वास्थ्य**

# थाइराइडले ल्याउन सक्छ यौन जीवनमा समस्या



दाम्पत्य जीवनमा यौनले महत्वपूर्ण भूमिका खेल्छ । स्वस्थ यौन जीवनले दम्पती बीचको सम्बन्धलाई अझ गहिरो बनाउँछ । तर यौन जीवन राम्रो नहुँदा वैवाहिक जीवनमा दूरी बढ्न सक्छ ।

यौन जीवन बिग्रिँदै जानुमा स्वास्थ्य समस्या पनि हुनसक्छ । जसमध्ये एक थाइराइड हो ।

मानव शरीरमा घाँटीमा रहेको पुतलीको आकारको ग्रन्थीलाई थाइराइड ग्रन्थी भनिन्छ । यो ग्रन्थीले हर्मोन उत्पादन गर्छ, जसको काम हाम्रो शरीरमा हुने सबै प्रक्रियाको गतिलाई नियन्त्रण गर्ने हो । यही ग्रन्थीले नै मेटाबोलिज्म र ऊर्जा सन्तुलनको नियमनका लागि आवश्यक हर्मोन उत्पादन गर्छ ।

यो ग्रन्थीले राम्ररी काम गर्न सकेन भने हाइपोथाइराइडिज्म र हाइपर थाइराइडिज्मको समस्या हुन्छ । यी समस्याका कारण महिला वा पुरुषमा अन्य धेरै स्वास्थ्य समस्यासँगै यौन जीवनमा पनि समस्या देखिन्छ ।

**पीडादायी यौनजीवन**

महिलालाई यौनसम्पर्क गर्दा दुखाइ महसुस हुन्छ भने यो थाइराइडको कारण हुनसक्छ । वास्तवमा थाइराइडका कारण योनीमा लुब्रिकेन्ट (चिल्लोपना) कम हुन्छ । यस्तो हुँदा लिङ्ग योनीमा प्रवेश गर्न गाह्रो हुन्छ ।

यस्तोमा बलपूर्वक प्रयासका कारण महिलालाई दुखाइ हुने हुँदा यौन इच्छा घट्न सक्छ । जबकि यौन सम्बन्धमा आनन्द दिन लुब्रिकेन्टले मद्दत गर्छ ।

थाइराइड छ र यौन जीवनमा प्रभाव पारिरहेको छ भने एक पटक चिकित्सकसँग परामर्श लिन आवश्यक हुन्छ । यदि थाइराइड छैन भने पनि एक पटक जाँच गराएर द्विविधा कम गर्न सकिन्छ ।

**शीघ्र स्खलन**

पुरुषलाई थाइराइड हुँदा समयपूर्व वा ढिलो वीर्य स्खलन हुन्छ । थाइराइडका कारण पुरुषले स्खलन (लिङ्गबाट वीर्य निस्कने) समस्याको सामना गर्छन् ।

हाइपोथाइराइडिज्म भएमा ढिलो वीर्य स्खलन हुन्छ भने हाइपर थाइराइडिज्म भएमा समयअगावै लिङ्गबाट वीर्य निस्कन्छ । दुवै अवस्थामा यौन जीवनमा प्रतिकूल असर पर्न जान्छ ।

किनकि पुरुषको वीर्य चाँडै बाहिर निस्कन्छ भने महिला र पुरुष दुवैले यौन सम्पर्कको आनन्द अनुभूति गर्न सक्दैनन् ।

लामो समयसम्म वीर्य स्खलन भएन भने यौनक्रिया दिक्कलाग्दो हुन्छ, त्यसमा कुनै उत्तेजना र उत्साह रहँदैन ।

**टेस्टोस्टेरोन हर्मोन**

थाइराइडले टेस्टोस्टेरोन हर्मोनको स्तर पनि घटाउँछ । यौन इच्छा बढाउनेमा टेस्टोस्टेरोन हर्मोन पनि पर्छ । जब यो हर्मोन कम हुन्छ, यौन इच्छा स्वत: घट्छ ।

टेस्टोस्टेरोनलाई पुरुष हर्मोन मानिएपनि महिलामा पनि यो हर्मोन सन्तुलित मात्रामा उत्पादन हुन्छ । यदि यो हर्मोन उत्पादन हुँदैन वा कम उत्पादन हुन्छ भने यौन इच्छा कम हुन्छ ।

**लिङ्ग उत्तेजित नहुनु**

थाइराइडको समस्याका कारण पुरुषमा लिङ्ग उत्तेजित नहुने (विशेष प्रकारको कडापन नहुनु) समस्या हुन्छ । जसलाई 'इरेक्टाइल डिसफन्सन' पनि भन्ने गरिन्छ ।

वास्तवमा थाइराइडका कारण हर्मोनल असन्तुलन हुन्छ, जसकारण चाहनाले यौनक्रिया गर्न खोज्दा पनि लिङ्ग उत्तेजित हुँदैन । र, यस्तोमा यौन सम्बन्ध राख्न सम्भव हुँदैन ।

यस्तो अवस्थामा पुरुषको आत्मविश्वास पनि घटाउँछ । यस समस्याले चिन्तित हुनुको सट्टा उपचार गर्नुपर्छ । किनभने यो समस्या सजिलै समाधान गर्न सकिन्छ ।

**थकान**

जब थाइराइडको समस्या हुन्छ, थकान जस्ता समस्या धेरै देखिन्छन् । थकानका कारण कुनै पनि सामान्य काम गर्न गाह्रो हुन्छ । साथै, सधैं आरामको आवश्यकता महसुस हुन्छ । यदि यस्तो थकान लगातार रहन्छ भने थाइराइड स्तर हेर्नुपर्छ ।

किनभने थकान भइरहँदा यौन इच्छा नजाग्न सक्छ र सक्रिय रहन गाह्रो हुन्छ ।

**मानसिक समस्या**

हाइपर थाइराइडिज्म अनियन्त्रित भएमा मानसिक स्वास्थ्यमा पनि नकारात्मक असर पार्छ । यस्तोमा थाइराइड हर्मोनले स्नायु प्रणालीलाई अति सक्रिय बनाउन सक्छ, चिन्ता, 'नर्भस' हुने र झिंजो लाग्ने जस्ता लक्षणहरू देखिन्छन् । यस्तोमा केही कुरामा रुचि नहुने र शान्तसँग पनि बस्न नसक्ने कारण डिप्रेसन हुनसक्छ ।

यी सबै समस्या भएमा यौनमा रुचि स्वभाविक रुपमै नहुन सक्छ ।

**उपचार सम्भव छ ?**

यदि कुनै पनि दम्पती थाइराइडकै कारण यौन समस्याबाट ग्रसित छन् भने चिन्ता लिइराख्नु पर्दैन । किनकि यी समस्या थाइराइड हुनेबित्तिकै देखिने होइन, अनियन्त्रित भएर देखिने हो ।

यदि थाइराइडको समयमै उपचार गरी औषधि सेवन गरेर नियन्त्रणमा राखियो भने लगभग सबै यौन समस्या कम हुँदै निको हुनसक्छ । कुनै समस्या छ भने थाइराइडको परीक्षण तथा उपचार गर्ने क्रममा खुलेर चिकित्सकलाई भन्नुपर्छ । ताकि चिकित्सकले थाइराइडसँगै यौन समस्याको उपचार गर्न सकुन् ।

**हर्मोन थेरापी**

कतिपय अवस्थामा हर्मोनको स्तरलाई सामान्य स्तरमा ल्याउन 'हर्मोन रिप्लेसमेन्ट थेरापी'को मद्दत लिन सकिन्छ । यसले पनि यौनसम्बन्धमा आएको समस्यालाई बिस्तारै समाधान गर्न सक्छ ।

**साहित्य**

कथा

# नेपाल अङ्ग्रेज युद्ध



✍दिपिका योन्जन

*कक्षा : १०, नवोदय शिशु सदन*

महाराज ! अङ्ग्रेजहरू नेपालसँगै युद्धको तयार गर्दै छन् गर्दै छन्। नेपालको सबै प्राय सिमाना बारे जानकारी लगिसके। मुख्य मन्त्री आतिँदै भने । 'अङ्गेजहरूसगँ मद्दत माग्नु नै भूल थियो।' अझ रजौटाहरुले उस्काएका हुन् । अङ्गेजहरूलाई भारतमा ।'

'हाम्रा पुर्खाको मिहिनेत र एकीकरण गरेको राज्य हामी गुमाउन सक्दैनौ राजाले भने । नेपालको हरेका सिमानामा र किल्लामा सेना खटाउँनुपर्छ । राजाको आदेश पालनामा किल्लामा सेना ऊ मुख्य सेना खटाइयो ।

बलभद्र कुँवर खलङ्गाको किल्ला सुरक्षामा लागौँ रणोजीर सिंह, उजीर सिंह भक्ति थापा, रणबीर सिंहसबै एकएक ओटा किल्ला समाली युद्ध हमलाका लागि तम्तयार थिए। नेपालको भौगोलिक अवस्था, बढ्दो र विकास हुँदैन गएकाले अङ्ग्रेज नेपाललाई आफ्नो बनाउन चहान्थे। नेपालबाट भागेका रजौटाहरुले अङ्ग्रेजलाई नेपालबारे जानकारी दिएर अङ्ग्रेजलाई सारै सहज पुर्याएकाथिए । युद्धभन्दा एकदिन अघि बलभद्र कुवँरलाई बेलुकाअङ्ग्रेजबाट चिठी आएको थियो। त्यस चिठीमा पहिले हार मानेर किल्ला सुम्पन भनेको थियो। बलभद्रले चिठी लिएर भने 'मेरो राती चिठी पन्ढ्ने बनी छैन जे हुन्छ मैदानमा देखिन्छ भन्दै चिठी फालिदिए । अङ्ग्रेजसँग आधुनिक हतियार र नेपाल साँभन्दा २ गुना बढी तालिम दिएको सेना थिए। नेपालसँग राम्रो हातहतियार थिएन अझ ३०० सेना मात्र थियो। सेनामा पनि आदि महिला र नाबालकहरु थिए । जेनरल हेस्टिङ र उनीसगँ १००० सेनाकिल्लामा हमला गर्न आउँछन् । आफ्नो राष्ट्र धर्तीको मायाले ठूलाठूला हतियारसगँ नडराई अघि हिँड्छन् । घमासान युद्ध चल्छ कति सेनाहरू मारिए । अन्तिममा जनरल हस्टिङको किल्लाको भित्रबाट हानिएको गोलीले मृत्यु हुन्छ । नेपालको बहादुरीले युद्ध जित्छ । किल्लामा बलभद्र कुँवर युद्ध जित्दा पनि अतियप । अङ्ग्रेज पानीको मुहान बन्द गरे किल्लामा रगतको भल बग्दैथ्यो सेनाहरू पानीका लागि तड्पन थाले । अङ्ग्रेजहरू हारेर पनि नराम्रो खेल खेल्न थाले। बलभद्र कुँवरले भने 'हामीले स्वाधीनताको साथ युद्ध जितेको हौँ, हामी हारेका हैनौँ' जितेर यहाँबाट भने र खलङ्गा किल्ला छाडे पानीको मुहानबन्द गरेकाले । यसरी किल्ला छाड्नुपरेकाले बलभद्र कुवँर दुखी थिए तर स्वाधीनताले युद्ध जित्दा खुसी थिए।

यसै गरी नेपाल भरिको कतिपय ठाउँमा युद्ध जिते कति ठाउँमा हारे । नेपालको इतिहासको गाथा वीरताको रगत अनि पसिनाको मसीले लेखेको छ ।

कविता

# कर्णालीले निले खच्चड !



✍सुशील लामा

वारिबाट पारी पुग्न हिँडेका
एक हुल खच्चड
पिठ्युँ भरी सयौँ किलो वजनको भारी
बिचरा बेजवान खच्चड
हिँड्दा-हिड्दै छिने झोलुङ्गे पुलको लट्ठा
झर्न मन नलाग्दा-नलाग्दै
कोही सिधै खोलामा झरे
कोही उद्धारको पर्खाइमा
सयौँ किलोको ज्यान र भारी थेगेर
एउटा खुट्टाको भरमा अड्केर बसे
निक्कै बेर पछि
झरे मरे अनि बगे
न दोष कर्णाली को थियो
जो धर्तीको रक्त नली बनेर बग्दै छ ।
न दोष धेरै वर्ष देखि अछाम र दैलेखको
साइनो गाँस्ने झोलुङ्गे पुलको थियो
जो भ्रष्ट नेता र भ्रष्ट ठेकेदारको
ठेक्कामा परेर अकालमै
चुँडिएर अपाङ्ग हुन विवश छ ।
न दोष बेजवान निरीह खच्चड थियो
जो दूर-दराजमा बाँच्दै गरेका
निरीह जनताको ढुवानी सेवा बनेको छ ।

बिचरा खच्चड
पीडा थियो होलान् मनभित्र
बाठा मान्छे सँग बोलौँ भने फुटेन बोली
भोक-प्यास नभनी मालिकको इसारामा खेद्नु थियो
आधुनिक युगको खिल्ली उडाउँदै
देश हाँक्ने
सरकारको नाक काट्दै ।
कर्णाली दूर-दूर सम्म पुग्न
तीव्र वेगमा बग्दै थियो
त्यहीँ वेगमा बगेर जीवन समाप्त गरेको छ
निरीह खच्चड
सरकार !
खोला वारि बाट पारी पुग्न
कति छन् कति अनगिन्ती सकसका कहरहरू
नबोल्ने बेजवान प्राणीलाई
बोल्न सक्ने मान्छेहरूलाई
कतै पुल छिनेर जीवन बिसाऊँ छन्
कतै तुइन चुँडेर खोलामा झर्छन्
कतै तुइन काटेर नदीमा झारी दिन्छन्

तर,
सरकार सदाबहार कुर्सी
अकुत अनावश्यक कमाई अनि
आ-आफ्नो व्यक्तिगत
निजी स्वार्थ र अभिमान पूरा गर्नको निम्ति
भुल्दैछ लाजै पचाएर आफैले खाएका बाचाहरू
के राजनीति
आफ्ना हरूको जिन्दगी
सुरक्षित बनाउनको निम्ति मात्रै हो ?
के राजनीति बफादारी निभाउने
अघि-पछि लाग्ने झोले र झण्डे
कार्यकर्ताहरूको निम्ति हो ?
कहिले सम्म गर्छौ
बेइमानीको रङले लिपिएको कर्म
कहिले सम्म बनाई राख्ने
छिनेको तुइन
मक्किएको झोलुङ्गे पुलको लट्ठाहरूका कथा
सीमान्तकृत दूर-दराजको व्यथा
कहिले सम्म.......

व्यंग्य

# ल्याङ्ग फ्याङ्ग

✍शेखर बास्कोटा

हरेक प्राणले आफ्नो आफ्नो कर्म आफू जन्मँदा लिएर आएको हुन्छ । हरेक प्राणीको आफ्नो आफ्नो जन्मसिद्ध अधिकार हुन्छ । त्यो अधिकार कही कतैबाट बञ्चित हुन पुगेमा उग्र रुप लिन पनि सक्छ । बाघ, सिंह आदिले खरायो जरायो जस्ता प्राणी खान्छ । ठूला माछाले साना माछा खान्छ तर पशुपन्छी चरा जगतका जती पनि प्राणी हुन् विचार गर्नुस् उनिहरुले प्रकृतिको नियम विपरीत कदापी गएका छैनन् । प्रकृतिका नियम विपरीत जाने प्राणी भनेको केवल मानिस मात्र हो ।

मानिस भन्ने प्राणीको धुर्तताको विषयमा चर्चा गर्नु पर्दा यो अध्यायमा अलि कठिन नै पर्ला । अब कठिन भो भन्दैमा चर्चा नै नगर्नु पनि मूर्खता हो । चर्चा चल्छ कुरो चल्छ, वादविवाद हुन्छ समस्याको पहिचान हुन्छ, अनि समस्याको समाधान पनि निस्कन्छ । यस्तै समस्याहरुको चाङ माथिको चाङमा विकल्पका रुपमा यदाकदा यो धर्तिमा महापूरुषहरुले जन्म लिन्छन् र उनिहरुको कामले इतिहासमा सुनौलो अपरले नाम लेखिन्छ । अहिले यो धर्तिमा छोरो जन्मेको छ । नेपालको माटोले धर्ति पुत्र फेला पारेको छ । तर यो घोर कलियूगमा ती धर्ती पुत्रलाई काम गर्न सारो गारो हम्मेहम्मे परेको छ । तर उ दृढ निश्चय लिएर चौडा छाती लिएर आफ्नो लक्ष्यमा अगाडी लम्केको छ । र उसको राम्रो कामको प्रशंसा गर्दै जनता नै सर्वोपरी हो भन्ने कुराको पुष्टी पनि यसैले प्रष्ट्याउँछ । हो त्यो छोरो पक्कै पनि बालेन हो । हो हामी मुक्तकण्ठाले बालेनको प्रशंसा गर्न कुनै कन्जुस्याई गर्दैनौं ।

जस्ले रामो काम गर्छ उसैको प्रशंसा गर्ने होइन र ? अब हामी हेटौंडा बासी पनि यस्तै बालेनको खोजीमा छौं । जसले हाम्रो मन जित्न सकोस् । भो धेरै केहि गर्नु पर्ने देखिदैन यो हेटौडालाई, किनकी यहाँको भूवनोट आफैं मिलेको छ । समस्या सजिलो समाधान गर्न सकिने खालका छन् । तर नगर्नुको कारण हामीले पत्ता लगाउन सकेका छैनौ । के ले रोक्यौ अनि के ले छेक्यो भोलि पक्के इतिहास बन्ने छ, अब आफ्नो नाम नालायकबाट लायक कसरी बचाउने भन्नेतिर लाग्दा राम्रो होला । गर्‍यौं भने आधा कार्यकाल भन्दा अझै बढी छ बिचार तपाइको ।

# गजल

✍चिरञ्जीवी दाहाल

भोकमरीमा छिमेकीले अन्न दिन्न भन्छ
महाकाली बगर हाम्रो भन्न दिन्न भन्छ

पालैपालो बोलाएर पठाउँछ कान फुकी
स्थायी सरकार मरेपनि बन्न दिन्न भन्छ

डुबाइ दिन्छ बर्खायाममा बाँध थुनेर बेसी
पानी फाल्ने निकास पनि खन्न दिन्न भन्छ

बहर बाच्छा जस्तै दाउँछ नोकर बनाएर
काममा जोताएर ज्याला टन्न दिन्न भन्छ

जाती धर्म साक्षरता गणनाको कार्य गर्दा
बाटो छेक्छ जनसंख्या गन्न दिन्न भन्छ

# गजल

✍राजु 'हिमांशु'

धेरै भयो सताउने तनाउ बोकेको
बेसरी मन दुखाउने घाउ बोकेको

मैले त खै उन्नति नै गर्नु भएन
देख्दछु डाह लडाउने दाउ बोकेको


जान्ने छन् धेरै मान्ने छैनन् कोही
रहेछन् सबै गुरुको नाउँ बोकेको

ढाँटहरूको खेल नै भएछ राजनीति
दादागिरीको सिङ्गो गाउँ बोकेको

अब कति हेर्छस् भन् त 'हिमांशु'
अपठनले तेरो ज्ञानी ठाउँ बोकेको

**चित्रकला**





दिपशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# लोकदर्शनलाई एमालेले किन रोज्यो भारतका लागि राजदूत ?



काठमाडौं/पूर्व मुख्यसचिव लोकदर्शन रेग्मीलाई भारतका लागि नेपाली राजदूत सिफारिस सिफारिस भएका छन् । मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले ८ देशका लागि राजदूत सिफारिस गर्दा रेग्मी भारतका लागि नेपाली राजदूत सिफारिस भएका हुन् । रेग्मी सत्ता गठबन्धनको प्रमुख घटक नेकपा एमालेको कोटाबाट राजदूत सिफारिस भएका हुन् ।

सत्ता गठबन्धनमा भएको भागमा ११ राजदूतमध्ये ८ एमालेले लियो भने रास्वपाले २ र माओवादीले एउटा लियो । सत्ता गठबन्धनको प्रमुख घटक भएकाले एमालेले भारत, अमेरिकासँगै बेलायतको राजदूतमा दाबी गरेको थियो ।

माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बेलायत आफ्नो दलका लागि राखेर अमेरिका र भारतको राजदूत एमालेलाई दिए । एमालेले पूर्व प्रशासक रेग्मीलाई पठायो । भारत नेपालसँग खुला सीमा भएको छिमेकी देश हो । सरकार र सत्तारुढ दलहरका लागि भारतका लागि राजदूत छान्दा राजनीतिक पृष्ठभूमिका व्यक्ति प्राथमिकतामा पर्छ ।

एमालेमा केपी शर्मा ओली प्रधानमन्त्री रहेका बेला विदेश मामिला सल्लाहकार रहेका डा. राजन भट्टराई पनि थिए । नेपाल भारत प्रबुद्ध समूहको सदस्य भएर काम गरिसकेका उनी एमाले स्थायी कमिटी सदस्य पनि हुन् ।

तर भारतको संस्थापनसँग सम्बन्ध सुमधुर नरहेको यो बेला एमाले नेतृत्वले पार्टीका नेता भट्टराई वा अन्य कुनै राजनीतिज्ञलाई राजदूत सिफारिस गर्न चाहेन । 'विगतमा कम्युनिष्ट पृष्ठभूमिका राजदूत सिफारिस गर्दा भारतबाट एग्रिमो नआएको नमिठो अनुभव समेत छ' एक पूर्व राजदूत भन्छन्, 'त्यसैले एमालेले भट्टराई वा अरु कोही राजनीतिक पृष्ठभूमि भएका व्यक्तिलाई राजदूत सिफारिस गरेन जस्तो लाग्छ ।' पूर्व प्रशासन रेग्मी निकै सक्रिय कूटनीतिज्ञ होइनन्, तर सबैसँग सम्बन्ध राख्न सक्छन् । त्यसैले उनले राजदूतका रुपमा नेपाल भारतबीच कायम समस्या समाधानमा उल्लेख्य भूमिका नखेलेपनि अहिलेकै अवस्थालाई थप बिग्रिन नदिनसक्छन् ।

तर राजनतिक तहमै सम्वाद गरेर सीमा लगायतका विवाद समाधानमा भने पर्याप्त कूटनीतिक पहल हुनेमा कतिपय शंका गर्छन् । 'सामान्य देखिएपनि राजनीतिक रुपमा नेपाल र भारतको सरकार-सरकारबीचको सम्बन्ध सामान्य अवस्थामा छैन,' एक पूर्व सचिव भन्छन्, 'यस्तो बेलामा ब्युरोक्र्याटलाई भारतको कूटनीति सुम्पिंदा अपेक्षित नतिजा आउन सक्दैन ।'

भारतका लागि पूर्व नेपाली राजदूत लोकराज बराल राजदूत राजनीतिक नियुक्ति भएकाले यसमा कस्तो व्यक्ति पठाउने भन्नेबारे फरक-फरक मतहरु सुनिने गरेको बताउँछन् । राजनीतिज्ञ पठाउँदा विज्ञ व्यक्ति चाहिने आवाज सुनिने र विज्ञ तथा कर्मचारी पठाउँदा राजनीति बुझेको मान्छे चाहिने तर्क आउने गरेको उनले बताए ।

विगतमा गैर राजनीतिक व्यक्तिले पनि भारतमा राजदूत भएर काम गरेको उनले बताए । 'रेग्मीजी नेपाल सरकारको मुख्यसचिव भएको हुनाले प्रोटेकालमा प्रश्न उठाउने ठाउँ छैन, तर भारतबारे बुझेको र जानेको त हुनुपर्छ,' उनले भने ।

उनले भारतमा नेपालको राजदूत पदलाई पंगु बनाइएको र भूमिका नै निभाउन नपाउने अवस्था बनाइएतर्फ भने चिन्ता व्यक्त गरे । 'यहाँको भारतीय दूतावासले टेलिफोनको भरमा कति कुरा सरकारसँग प्रत्यक्ष राख्छ, नेपाली राजदूतलाई कतिपय कुरा थाहा नै हुँदैन,' उनले भने,'योपद औपचारिकताका लागि जस्तो भएको छ ।'

**को हुन् रेग्मी ?**

कूटनीतिमा धेरै परीक्षण नभएपनि पूर्वमुख्यसचिव प्रशासनिक रुपमा भने चतुर र विवादास्पद पात्र हुन् । मुख्यसचिव बन्नुभन्दा अघि कहिले आफूलाई कांग्रेस निकट कर्मचारीका रुपमा आफूलाई चिनाउँथे त कहिले एमालेको कित्तमा उभिन्थे । उनी जसरी पनि शक्तिशाली पद हत्याउन नै चाहाने कर्मचारीका रुपमा परिचित थिए ।

२०७२ मा एमालेका नेता विष्णु पौडेल अर्थमन्त्री बन्दा अर्थसचिव भएका रेग्मी माओवादी र नेपाली कांग्रेस गठबन्धन सरकारका बेला गृहसचिव भए । गृह मन्त्रालयमा रहँदा उनले प्रहरी महानिरीक्षक नियुक्तिमा विवाद हुने गरी भएका निर्णयमा तत्कालीन गफमन्त्री मिलेनद्र निधिलाई साथ दिएका थिए ।

शेरबहादुर देउवा प्रधानमन्त्री भएको बेला मुख्यसचिव बने । उनले सोमलाल सुवेदी मुख्यसचिव हुँदादेखि मुख्य सचिव हुन चलखेल सुरु गरेको थिए । २० फागुन २०७३ मा तत्कालीन मुख्यसचिव सुवेदी एडीबीको वैकल्पिक कार्यकारी निर्देशक हुन जाने गरी पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको मन्त्रिपरिषद्बाट निर्णय भएको थियो । तर ६ महिनापछि मात्रै एडीबीको केन्द्रीय कार्यालय फिलिपिन्सको मनिला जाने भन्दै उनले रेग्मीलाई मुख्य सचिव बनाउन सघाउने किसिमले मुख्यसचिव पदबाट राजीनामा दिएनन् ।

सुवेदीले आफू मन्त्रिपरिषद्बाट निर्णय गराएकै बेलामा राजीनामा दिएको भए धनबहादुर तामाङ मुख्यसचिव बन्ने थिए । तर सुवेदी राजीनामा नदिई मनिला गए । २८ असार २०७४ सुवेदीले प्रधानमन्त्री कार्यालयका केदारबहादुर अधिकारीलाई निमित्त मुख्य सचिवको जिम्मेवारी दिएर मनिला हिंडे । त्यसैदिन मुख्यसचिवको दावेदार रहेका बरिष्ठ सहसचिव धनबहादुर तामाङले अवकाश पाए ।

भोलिपल्ट सरकारले वरिष्ठताका आधारमा भन्दै राजेन्द्र किशोर क्षेत्रीलाई मुख्यसचिव बनाएको थियो । रेग्मीलाई मुख्य सचिव बनाउन उमेर हदका कारण ६ कात्तिक २०७४ मा अवकाश पाउने पक्का भइसकेका क्षेत्रीलाई मुख्यसचिव बनाइएको थियो ।

२ कात्तिक २०७४ सम्म मुख्यसचिवबारे निर्णय गरेको भए शान्तराज सुवेदी र शान्तबहादुर श्रेष्ठमध्ये एक मुख्यसचिव बन्थे । तर सुवेदी र श्रेष्ठले अवकाश नपाएसम्म सरकारले नयाँ मुख्यसचिव नियुक्ति प्रक्रिया अगाडि बढाएन ।

२ कात्तिक २०७४ मा दुवैले अवकाश पाए, अनि ६ कात्तिक २०७४ मा क्षेत्रीको कार्यकाल सकिएकै दिन शेरबहादुर देउवा नेतृत्वको सरकारले लोकदर्शन रेग्मीलाई मुख्यसचिव नियुक्त गऱ्यो । रेग्मी मुख्यसचिव बन्दा वरिष्ठ सचिव पनि थिएनन् । वरिष्ठताका आधारमा ङइन्द्रप्रसाद उपाध्याय पहिलो नम्बर र शंकरप्रसाद अधिकारी दोस्रो नम्बरमा थिए । तर तत्कालीन प्रधानमन्त्री दाहिना भएपछि रेग्मी वरिष्ठता मिचेर मुख्यसचिव बने । २०७४ को चुनावपछि एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेपछि उनले तत्कालीन नेकपासँग आफ्नो सम्बन्ध चिसिन दिएनन् ।

पदावधि सकिने समयमा ओलीले पनि आफूले चाहेकै व्यक्ति मुख्य सचिवमा ल्याउन चाहे । परराष्ट्र सचिव शंकरदास वैरागी ओलीको रोजाइमा परेपछि बेलायतका लागि राजदूत पद लिएर कार्यकाल नसकिँदै मुख्यसचिव छाड्न उनी सहमत भए ।

३ कात्तिक २०७७ मा कार्यकाल सकिनुअघि १५ असोज २०७७ मा राजीनामा दिएका थिए । यसले तत्कालीन प्रधानमन्त्री ओलीले रोजेका वैरागी नयाँ मुख्यसचिव भए ।

रेग्मी सेवा अवधि पूरा गरेर अवकाशमा गएको भए वरिष्ठताको आधारमा केदारबहादुर अधिकारी मुख्यसचिव बन्थे । केही महिनापछि अधिकारीले उमेरहदका कारण अवकाश पाउँदा चन्द्रप्रसाद घिमिरे मुख्यसचिव बन्ने लाइनमा हुन्थे । परराष्ट्र सचिवबाट अवकाश हुन ७ दिन मात्रै बाँकी रहेका वैरागीलाई मुख्यसचिव बनाउन सघाएर उनी बेलायतमा राजदूत पद लिएर हिँडे ।

तर ५ असोज २०७८मा ओली सरकारले नियुक्त गरेका एक दर्जन राजदूत फिर्ता बोलाउने निर्णय हुँदा रेग्मी पनि बेलायतबाट फर्किनु परेको थियो । स्रोतका अनुसार कांग्रेससँग नजिक भएर मुख्यसचिव भएपनि एमाले अध्यक्ष ओलीसँगको निकनटले राजदूत भएका रेग्मीले फेरि भारतको राजदूत पद पाएका छन् । *(स्रोत: अनलाइनखबर)*

# सलिन र सलोनको 'यूर्निभसिटी अफ गुन्डाज्' निर्देशन गर्दै सौरभ !




काठमाडौं/अभिनेता सलोन बस्नेत फिल्म 'यूर्निभसिटी अफ गुन्डाज' निर्माणको तयारीमा छन् । गत माघमा एक पोस्टरमार्फत फिल्मको घोषणा गरिएको थियो । उनीसँगै 'ए मेरो हजुर २' अभिनेता सलिनमान बनियाँको मुख्य भूमिका रहने फिल्मको निर्देशक भने निश्चित भएका थिएनन् । स्क्रिप्ट लेखनको बेला हेमराज विसीले निर्देशन गर्ने पक्कापक्की भए पनि उनी अमेरिका गएपछि सलोन अन्योलमा थिए ।

अब भने फिल्मका लागि निर्देशक लगभग निश्चित भएका छन् । गत फागुनमा प्रदर्शित फिल्म 'अगस्त्य'का निर्देशक सौरभ चौधरीले फिल्मको निर्देशन गर्ने सहमति जुटेको छ । तर, दुवै पक्षबीच लिखित सम्झौता भने भइसकेको छैन । उनीहरुबीच केही दिनभित्रमा कागजी सम्झौता हुनसक्नेछ । शुक्रबार सलोन र सलिनसहित निर्देशक शोभित बस्नेतले सौरभसँग निर्णायक छलफल गरेका थिए ।

'अगस्त्य'मा सौरभले एक्सनमा राम्रो सम्भावना देखाएका थिए । 'यूर्निभसिटी अफ गुन्डाज्' पनि एक्सन कथामा निर्माण हुन लागेकाले फिल्मको निर्देशनका लागि सलोन र सलिन दुवैको रोजाईमा सौरभ परेका हुन् । सौरभले पनि फिल्म निर्देशन गर्ने मौखिक सहमति भएको जनाएका छन् । तर, यो फिल्मभन्दा अघि उनले अर्को फिल्म बनाउने सम्भावना छ । यतिबेला उनी त्यसैको तयारीमा छन् ।

'यूर्निभसिटी अफ गुन्डाज्'बाट सलिन करिब ६ वर्षपछि अभिनयमा फर्किँदैछन् । पछिल्लोपटक उनी फिल्म 'यात्रा'मा देखिएका थिए । सलोन सलिना फिल्म्सको ब्यानरमा बन्न लागेको फिल्मले विश्वविद्यालयभित्र हुने गुण्डाराजको विषय उठाउने जानकारी प्राप्त छ । यसअघि सार्वजनिक पोस्टरमा सलिन र सलोन 'एक्सन मुड'मा प्रस्तुत थिए । दुवैले अहिले फिल्मका लागि ज्यान बनाइरहेका छन् ।

# हिन्दी फिल्म वितरणमा आरआर फिल्मको इन्ट्री, 'कल्की' नेपाल भित्रायो




काठमाडौं/नेपाललाई बलिउड फिल्मको राम्रो बजार मानिन्छ । सिक्वेल र ठूला 'स्टार'का फिल्मले आकर्षक व्यापार गरिरहेका हुन्छन् । यसैले त भारतीय फिल्म नेपाल भित्राउन वितरक कम्पनीहरु बीच ठूलै रस्साकस्सी हुने गर्छ । तर, त्यसमा केही सीमित कम्पनीहरुको मात्र दबदबा ज्यादा देखिन्छ । यद्यपि, कहिले काहीँ बलिउड र साउथका ठूला फिल्म अरु कम्पनीहरुले पनि उछिट्याउने गरेका छन् ।

आगामी साता (असार १३) रिलिज हुन लागेको भारतको मल्टीस्टारर फिल्म 'कल्की'माथि पनि धेरै वितरक कम्पनीको नजर थियो । मोलमोलाई पनि ठूलै भयो । तर, एउटा कम्पनीले चक्मा दिएको छ । नेपाली फिल्म मात्र वितरण गर्दै आइरहेको कम्पनी आरआर फिल्मले 'कल्की'को नेपाल वितरण अधिकार प्राप्त गरेको छ । यो कम्पनीले पहिलोपटक भारतीय फिल्म वितरण गर्न लागेको हो ।

आरआर फिल्मले अन्य कम्पनीको भन्दा ठूलो मुल्य प्रस्ताव गरेपछि 'कल्की' पाएको जनाइएको छ । स्रोतका अनुसार, लगभग दुई करोड मुल्य तिरेर यो फिल्म नेपाल भित्राइएको हो । यो रकम उठाउन फिल्मले कम्तिमा ७ करोड कमाउनु पर्छ । पछिल्लो समय एकपछि अर्को भारतीय फिल्महरुले नेपाली वितरकलाई डुबाइरहेको अवस्थामा आरआर फिल्मले ठूलो जोखिम मोलेको देखिन्छ ।

आरआरका रोहित कट्टेलले अब नियमित भारतीय फिल्महरु वितरण गर्ने जनाए । उनले भने, 'यो हाम्रो सुरुवात हो । अब नियमित रुपमा भारतीय फिल्म वितरण गर्ने योजना छ ।' आरआर फिल्मसँग थुप्रै नेपाली फिल्म वितरण गरेको अनुभव छ । पाँच हप्तादेखि हलमा प्रदर्शनरत फिल्म 'पूजार सार्की' पनि यही कम्पनीले वितरण गरेको हो । अब भारतीय फिल्म वितरणमा पनि होमिएको छ ।

नाग अश्विन रेड्डीको निर्देशन रहेको 'कल्की'मा अमिताभ बच्चन, प्रभास, दीपिका पादुकोण, कमल हसन, ब्रम्हानन्दम, दिशा पटानी जस्ता चर्चित कलाकारहरुको अभिनय छ । 'स्टारकास्ट'कै कारण चर्चामा रहेको यो साइन्स फिक्सन फिल्म हो, जसलाई पौराणिक कथासँग जोडेर निर्माण गरिएको हो । हिन्दीसहित ६ भाषामा तयार भएको 'कल्की' ६०० करोडको बजेटमा बनेको जनाइएको छ ।

# त्रिभुवन विमानस्थलबाट अब उड्दैन हेलिकप्टर

काठमाडौं/त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हेलिकप्टर उडान सेवा पूर्णरूपमा स्थानान्तरण गर्ने उद्देश्यले भक्तपुर नलिञ्चोकमा 'हेलिप्याड हब' सञ्चालनमा आएको छ । मुलुकको उड्डयन क्षेत्रको नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणले ११ करोड ९० लाख रुपैयाँ लगानीमा उक्त हेलिप्याड हब साढे दुई वर्ष अवधिमा निर्माण सकेको हो । हेलिप्याड हबले ३३ रोपनी क्षेत्रफल ओगटेको छ ।

उक्त जग्गा तत्कालीन हवाई विभागको नाममा थियो । विभाग खारेज भएर प्राधिकरण स्थापना भएपछि त्यो जग्गा पनि प्राधिकरणकै नाममा आएको थियो । हेलिप्याड हबमा साना आकारका कुल १७ थान हेलिकप्टर पार्किङ गर्न मिल्छ । जसमा चार हेलिकप्टर एकैपटक उडान र अवतरण गर्न सक्ने क्षमता छ ।

'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अबदेखि जहाजमात्र उडान-अवतरण गर्ने गरी हेलिकप्टर सेवा भक्तपुर नलिञ्चोकमा स्थानान्तरण गरेका छौं,' नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक तथा प्रवक्ता हंसराज पाण्डेले संचारकर्मीसँग भने, 'हेलिकप्टर सेवा स्थानान्तरण भएपछि त्रिभुवन विमानस्थलको हवाई चाप व्यवस्थापनमा धेरै नै सहजता आउने विश्वास छ ।'

उनका अनुसार त्रिभुवन विमानस्थल धावनमार्गको पूर्वपट्टि भागमा रहेको हेलिप्याडमा हाल जहाज राख्ने 'ह्यांगर' निर्माण भइरहेका कारण हेलिकप्टर सेवा नलिञ्चोकमा स्थानान्तरण गरिएको हो । उनका अनुसार तत्कालका लागि भने हेलिकप्टर उडान नलिञ्चोकबाट मात्र गर्ने र अतिआवश्यक कामका लागि मात्र त्रिभुवन विमानस्थलमा अवतरण गर्न दिइने छ । हेलिकप्टरको जहाज जस्तो नियमित उडान नहुने भएका कारण स्थानान्तरणमा पनि खासै समस्या हुँदैन । हेलिकप्टर सेवा प्रदायक कम्पनीहरूसँग पनि सकारात्मक सहकार्य भइरहेको छ ।

'हेलिकप्टर सेवा प्रदायक कम्पनीका कम्तीमा एउटा हेलिकप्टर नलिञ्चोकमा राख्ने नीति लिएका छौं,' प्राधिकरण प्रवक्ता पाण्डेले भने, 'अहिले एकैचोटि सबै हेलिकप्टर त्यता लैजाँदा यहाँ समस्या पर्ने भएकाले बिस्तारै व्यवस्थित गर्दै लान्छौं ।' उनका अनुसार नलिञ्चोकको हेलिप्याड हबलाई त्रिभुवन विमानस्थलको सेवा विस्तारका रूपमा लिइएको छ । हेलिप्याड हबको सुरक्षा नेपाल प्रहरी र नेपाली सेनाको जिम्मामा छ ।

'एयर ट्राफिक कन्ट्रोल (एटीसी) को काम भने त्रिभुवन विमानस्थल टावरबाटै गर्छौं,' पाण्डेले भने, 'अरू सुविधाका लागि आवश्यक कर्मचारीदेखि प्रविधि उतै व्यवस्था गरिएको छ ।' त्रिभुवन विमानस्थलबाट हेलिकप्टर सेवा स्थानान्तरण भएपछि हवाई चाप व्यवस्थापन धेरै नै सहज भएको उनले बताए ।

हेलिकप्टर उडान-अवतरणकै कारण कहिलेकाहीं नेपाल आएका जहाज 'होल्ड' गर्नुपर्ने अवस्था पनि सिर्जना हुने गरेको थियो । अब त्यस्तो समस्या हटेको छ । 'त्रिभुवन विमानस्थलमा जहाज राख्ने ह्यांगर अभाव थियो । यहाँको हेलिप्याड नहटाएसम्म ह्यांगर बनाउन सकिने अवस्था थिएन,' प्राधिकरण प्रवक्ता पाण्डेले भने, 'हामीले बाध्य भएर यहाँको हेलिप्याड नलिञ्चोक स्थानान्तरण गरेका हौं ।'

नलिञ्चोक हेलिप्याड हबमा उडान-अवतरण र पार्किङ शुल्क भने त्रिभुवन विमानस्थल सरह नै तोकिएको प्राधिकरणले जनाएको छ । पाण्डेका अनुसार त्रिभुवन विमानस्थलको हेलिप्याड धावनमार्गको पूर्वपट्टि रहेको थियो । त्यहाँ हेलिप्याड हुँदा हेलिकप्टर उडान-अवतरणका बेला यात्रु वा हेलिकप्टर सेवा प्रदायकका कर्मचारी, पाइलटलाई धावनमार्ग कटेर पारिपट्टि जान पनि समस्या हुने गरेको थियो ।

'अब त्यस्तो समस्या पनि हटेर गएको छ,' पाण्डेले भने, 'जे होस् अब त्रिभुवन विमानस्थलको हवाई चाप व्यवस्थापनमा धेरै नै सहजता आउने छ । हेलिकप्टर सेवा प्रदायक कम्पनीहरूबाट प्राप्त सकारात्मक सहयोगले पनि यसमा महत्वपूर्ण भूमिका खेलेको छ ।'

त्रिभुवन विमानस्थलबाट पूर्णरूपमा हेलिकप्टर उडान-अवतरण सेवा हट्न भने केही समय लाग्ने उनले बताए । आकस्मिक वा अन्य विशेष कारण त्रिभुवन विमानस्थलमै अवतरण गर्नुपर्ने हेलिकप्टर भने यहाँ अवतरण गर्न मिल्ने उनले जानकारी दिए ।

त्रिभुवन विमानस्थलमा रहेको हेलिप्याडको क्षमता भने एकैपटक ४० वटा हेलिकप्टर पार्किङ गर्ने मिल्ने खालको थियो । हाल नेपालमा एक दर्जन हेलिकप्टर सेवा प्रदायक कम्पनीले साढे तीन दर्जभन्दा बढी हेलिकप्टर सञ्चालन गरिरहेका छन् । हाल एयर डाइनेस्टी हेली सर्भिस, अल्टिच्युड एयर, अन्नपूर्ण हेलिकप्टर, फिसटेल एयर, हेली एभरेस्ट, कैलाश हेलिकप्टर सर्भिसेस, मनाङ एयर, माउन्टेन हेलिकप्टर्स, मुस्ताङ हेलिकप्टर, प्रभु हेलिकप्टर्स, श्री एयरलाइन्स र सिम्रिक एयरले चार्टर उडान गरिरहेका छन् । *(स्रोत: अनलाइनखबर)*

# विश्व बैंकको आईडीए-२१ बैठक समापन गर्दै अर्थमन्त्रीले के भने ?



काठमाडौं/अर्थमन्त्री वर्षमान पुनले विश्व बैंक अन्तर्गतको अन्तर्राष्ट्रिय विकास संघ (आईडीए-२१) परिपूरण बैठकको समापन गरेका छन् । चार दिनसम्म होटल सोल्टीमा चलेको बैठकको शुक्रबार साँझ मन्त्री पुनले समापन गरेका हुन् । बैठकको मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उदघाटन गरेका थिए । मन्त्री पुनले विश्वव्यापी विकास चुनौतीहरू सम्बोधन गर्न समर्पित विकास साझेदार, ऋणी र व्यवस्थापकहरू सहभागी विशिष्ट बैठक आयोजना गर्न पाउनु नेपालका लागि ठूलो अवसर भएको बताए ।

दशकौंदेखि गरिबी हटाउन र दिगो विकास हासिल गर्न प्रयासरत आईडीए मुलुकहरूका लागि बैठक उपलब्धिमूलक भएको उल्लेख गरे । बैठकले संसारभरबाट गरिबी र अविकाश अन्त्यका लागि जारी अभियानलाई निरन्तरता दिने संकल्प गरेकामा धन्यवाद दिए ।

'गरिबी अन्त्य र दिगो विकासका लागि प्रतिबद्ध देशहरूका लागि सहयोग र समर्थन जारी राख्ने काठमाडौं भेलाको सामूहिक निर्णयका लागि आभार व्यक्त गर्दछु', उनले भने, 'तपाईंहरूले अविकसित मुलुकहरूका लागि आगामी दिनमा पनि बलियो विकास सहायता र अन्तर्राष्ट्रिय समर्थन दिने कुराको सुनिश्चितता गर्नुभएको छ ।'

बैठकका निष्कर्ष र रणनीतिहरू विश्व बैंक र अरू विकास साझेदारहरूबाट विकास वित्त प्राप्त गर्दै आएका आईडीए मुलुकहरू र ऋणदाता मुलुकका लागि खुसीको विषय भएको मन्त्री पुनले बताए । आईडीए मुलुकहरूलाई कमजोर आर्थिक विकास र गरिबीको अवस्थाबाट माथि उठाएर बस्न लायक बनाउन बैठकले निकालेका निष्कर्ष प्रभावकारी हुने विश्वास उनको थियो ।

उनले धेरै आईडीए मुलुकहरूले आर्थिक चुनौतीका कारण गरिबी र असमानता, खाद्य असुरक्षा, श्रोतको सीमितता, ऋण भुक्तानीको दबाबजस्ता समस्या झेलिरहेको औंल्याए ।

उक्त अवस्थाको अन्त्यका लागि बाह्य सहयोग र लगानी भित्र्याउनुपर्ने आवश्यकता रहेको बताए । 'यी चुनौतीहरूका कारण विकास सहायता र अन्तर्राष्ट्रिय सहयोगको निरन्तरताको प्रतिबद्धता माग गर्दछ', उनले भने ।

उनले आईडीए मुलुकका जनताका लागि विद्युत पहुँच, गुणस्तरीय स्वास्थ्य र शिक्षा तथा पोषणयुक्त खाद्यान्नमा जोड दिनुपर्ने उल्लेख गरे । मन्त्री पुनले जलवायु परिवर्तन, लैङ्गिक असमानता, गरिबी अन्त्यजस्ता एजेण्डामा सामूहिक प्रयास र प्रतिबद्धता जरुरी रहेको औंल्याए ।

*(स्रोत: अनलाइनखबर)*

# हलमा पूजाको क्रेज: कोही फूलमाला लगाइदिने, कोही हुटिङ गर्ने



काठमाडौं/अभिनेत्री पूजा शर्माको करिअरका लागि महत्त्वपूर्ण मानिएको छ, 'दान्भी' । विशेषगरी लभस्टोरी फिल्ममा जमेकी उनी पहिलोपटक एक्सन अवतारमा देखिएकी छन् । यसैले उनलाई यो फिल्मको व्यावसायिक सफलता जति आवश्यक छ, त्यति नै एक्सनको प्रशंसा पनि जरुरी देखिन्छ । त्यो हुँदा उनलाई एक्सन फिल्म गर्न बाटो खुल्नेछ । यसले गर्दा पनि उनी यो फिल्मलाई लिएर गम्भीर छिन् ।

शुक्रबारबाट प्रदर्शनमा आइसकेको फिल्मले 'ओपनिङ डे'मा पूजाको क्रेजको फाइदा केही हदसम्म उठाउने देखिएको छ । पहिलो दिन बिहानी शोजमा काठमाडौंका केही मल्टीप्लेक्स हलमा पूजाका फ्यानहरुको उपस्थिति राम्रो रह्यो । चाबहिलको क्यूएफक्युब हलको बिहानी शो त पूजाको फ्यान क्लबले नै 'बुक' गरेको थियो । जहाँ उनी स्वयं उपस्थित भएर फ्यानप्रति आभार व्यक्त गरिन् ।

उनका लागि भनेर फ्यानहरु फूलमाला र केक नै बोकेर हल पुगेका थिए । एक युवतीले पूजासहित फिल्मका अभिनेताद्वय कुन्साङ बोमजन र किरण श्रेष्ठका साथै निर्देशक रुपेश तामाङलाई फूलमाला र खादा लगाइदिँदा 'दान्भी' भन्दै हुटिङ समेत भएको थियो । पूजाले केक भने दुई नायकको साथमा हलबाहिर आएर काटिन् । उनीहरुसँग फोटो खिच्न फ्यानहरुबीच तछाडमछाड पनि चल्यो ।

केक काटेर सेलिब्रेसन गरेपछि मिडियासँग कुराकानी गर्दै पूजाले दर्शकबाट पाएको साथ र मायाले फिल्ममा गरेको दु:ख विर्साएको बताइन् । 'हामी जति मिहिनेत र दु:ख गर्छौं, त्यो दर्शकका लागि गर्छौं । जब दर्शकबाट हुटिङ आउँछ, तब दु:खको समय विर्सिन्छौं । आजकै दिनका लागि हामीले मिहिनेत गरेका थियौं । भोलिका दिनमा पनि दर्शकको माया पाउँछु भन्ने विश्वास छ,' उनले भनिन् ।

'दान्भी'बाटै डेब्यु गरेका कुन्साङ भने पहिलो शोमा पाएको हुटिङ र ताली आफूले जीवनभर नबिर्सने बताउँछन् । 'दर्शकको साथले एकदमै उत्साह जागेको छ । प्रतिक्रिया पनि राम्रो आएको छ । अब म ढुक्क भएँ,' उनले खुसी व्यक्त गरे । किरणलाई भने दर्शक प्रतिक्रियाले छक्कै बनाएको रहेछ । 'यति राम्रो 'रेस्पोन्स' आउँछ भनेर मैले सोचेकै थिइनँ । अब आनन्दले सुत्न सक्छु,' उनले भने ।

फिल्मको शुक्रबार र शनिबारको व्यापार पूजाको काँधमा छ । किनभने, यसमा चलेको अनुहार उनी मात्र हुन् । त्यसैले दबाब पनि उनीमाथि नै बढी छ । उनको 'स्टार' छवि बनेकाले आफ्नो स्टारडम प्रमाणित गर्ने उनलाई यो गज्जबको अवसर हो । आइतबारबाट भने फिल्मको भविष्य 'माउथ पब्लिसिटी'ले निर्धारण गर्नेछ । यो फिल्मले सफलता पाएको खण्डमा पूजालाई ठूलो राहत मिल्नेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# थाहाको बजेट ९१ करोड ९१ लाख, कृषि-पर्यटनलाई प्राथमिकता




साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/थाहा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि चालु आर्थिक वर्षको तुलनमा ८ करोड रुपैयाँ कम बजेट प्रस्तुत गरेको छ ।

संघीय सरकार र प्रदेश सरकारले विभिन्न शीर्षकमा दिने अनुदानमा कमी आएकाले आव २०८१/८२ को बजेटको आकार खुम्चिएको बताइएको छ । थाहा नगरपालिकामा शुक्रबार आयोजित १६ औं नगरसभामा उपमेयर भरत गोपालीले आव ०८१/८२ का लागि ९१ करोड ९१ लाख ४३ हजार ५ सय रुपैयाँको बजेट प्रस्तुत गरेका हुन् । जसमध्ये चालु खर्चमा ६२ प्रतिशत र पुँजीगत ३८ प्रतिशत विनियोजन गरिएको छ ।

जसमा संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान १२ करोड २८ लाख, समपूरक अनुदान १ करोड, विशेष अनुदान १ करोड, सशर्त अनुदान ३० करोड ७१ लाख ६ हजार ५ सय, राजस्व बाडफाँड १० करोड ६५ लाख ३० हजार १ सय ८२, रोयल्टी १ करोड ८९ लाख ६९ हजार ८ सय गरी जम्मा ५७ करोड ५४ लाख ६ हजार ५ सय रुपैयाँ रहेको छ ।

त्यसैगरी प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान १ करोड २३ लाख ९० हजार, समपूरक अनुदान ३ करोड, विशेष अनुदान ६५ लाख, सशर्त अनुदान ७ करोड १८ लाख ६७ हजार र राजस्व बाँडफाँड ९ करोड ३५ लाख ५३ हनार गरी जम्मा २१ करोड ४३ लाख १० हजार रहेको छ । नगर पालिकाको आन्तरिक आयतर्फ राजस्व (कर तथा गैरकर) ५ करोड र मालपोत २ करोड रुपैयाँ गरी जम्मा ७ करोड रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ ।

चालु आव अर्थात् ०८०/८१ का लागि ९९ करोड ३७ लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो । थाहा नगरपालिकाको बजेटले कृषि, पूर्वाधार शिक्षा र पर्यटनको विकासलाई प्राथमिकतामा राखिएको छ । कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगार र रोजगारीको वातावरण सिर्जना गर्ने जनाइएको छ । बजेटले पर्यटकीय क्षेत्रको पूर्वाधारलाई पनि प्राथमिकता दिएको छ ।

आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले थाहा नगरपालिकाले राष्ट्रसेवक कर्मचारीलाई पर्यटन काजका लागि रकम विनियोजित गरेको छ । वागमती प्रदेश सरकारले विगत वर्षदेखि नै आन्तरिक पर्यटन प्रवर्द्धन गर्न राष्ट्रसेवक कर्मचारीलाई १० दिनको काज दिने व्यवस्था गरेको छ । तरकारी खेतीलाई प्रवर्द्धन गर्न बजेट विनियोजन गरिएको छ भने आलु खेतीका लागि उन्नत बीउको निम्ति बजेटमा अनुदानको व्यवस्था गरेको छ ।

# शान्ति सुरक्षाबारे अन्तर्क्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ मकवानपुर उद्योग वाणिज्य संघमा समसामयिक विषयमा अन्तर्क्रिया भएको छ । संघका अध्यक्ष कृष्णकुमार गुप्ताको सभापतित्व र वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक दाताराम अधिकारीको आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा संघका पदाधिकारी, सदस्य, बस्तुगत संघका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति रहेको थियो ।

मउवासंघका अध्यक्ष गुप्ताले कार्यक्रमलाई सम्बोधन गर्दै उद्योगी/व्यवसायीले शान्तिसुरक्षाको अवस्थाको बारेमा राखेका धारणा बुझ्न र थप प्रभावकारी बनाउन कार्यक्रम राखिएको बताए । वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक अधिकारीले प्रहरीको सेवाबाट उद्योगी/व्यवसायी सन्तुष्ट रहे/नरहेको बुझ्न कार्यक्रम आयोजना गरेको बताएका थिए । उनले मोवाइल, सुनचाँदी, खाद्यसामान, स्क्र्यापलगायत व्यवसायमा बढी अपराधजन्य घटना हुने गरेको, औषधि व्यवसायीले डाक्टरको प्रेस्क्रिप्सनको आधारमा मात्र औषधि बिक्री गरी निषेधित कार्य रोक्न सचेत रहनुपर्ने बताए ।

पनि अधिकारीले अनलाइन ठगी देशभर व्याप्त र हेको र त्यसमा सोझा नागरिकको नागरिकता दुरुपयोग भएको पाइएकाले आफ्नो नागरिकता अनाधिकृत प्रयोग हुन नदिनको लागि होसियार रहनुपर्ने, चिनजान र एकदमै विश्वासिलो अनलाइनबाट मात्र खरिद कार्य गर्नुपर्ने, मोवाइल मर्मत गर्न आउनेलाई सोधिखोजी गर्नाले गलत मान्छे पन्छिएर जाने अवस्था हुने, काम लाग्ने स्तरको सामान चोरीको हुनसक्ने भएकाले स्क्र्याप व्यवसायीले खरिद नगरी सचेत रहनुपर्ने जस्ता भनाइ राखेका थिए ।

मकवानपुर हस्तकला संघका अध्यक्ष रमेशराज बज्राचार्यले हस्तकला व्यवसायमा शान्तिसुरक्षाको हिसावले समस्या नभएपनि स्थानीय भैभगडा तुरुन्त नियन्त्रण गर्नुपर्ने बताए । मोवाइल एशोसिएशनका पूर्वअध्यक्ष दिनेश लामाले मोवाइल व्यवसायमा अनलाइन ठगीका घटना बढेको बताए । उनले मोवाइल धनि चोर वा सज्जन थाहा नहुने भएकाले बिग्रेको मोवाइल मर्मत गर्दा व्यवसायीले प्रहरीबाट कारवाही भोग्नु परेको बताए ।

सुनचाँदी व्यवसायी लालु दुतराजले ग्राहक आपत परेको भनि खरिद गर्न बाध्य बनाउने अनि प्रहरीबाट धरपकड हुनुपर्ने समस्या हल गर्नुपर्ने बताए । मउवा संघका कार्यसमिति सदस्य, कपडा तथा तयारी पोशाक व्यवसायी संघका अध्यक्ष नेत्रप्रसाद खतिवडाले घुमन्ते व्यवसायीको बिलबिजक चेक गर्नुपर्ने बताए । नेपाल फलफूल तथा तरकारी व्यापार संघका अध्यक्ष कृष्णप्रसाद हुमागाईले ल्याव रिपोर्टबिना नै पत्रकारले नेपाली किसानले सिजनमा उत्पादन गरेको फलफूलमा विषादि भनि समाचार बनाइदिंदा समस्या परेको बताए ।

मउवासंघका कोषाध्यक्ष सन्तोषकुमार अर्यालले यसखालको अन्तर्क्रियात्मक कार्यक्रम नियमित हुनुपर्ने, अपराध न्यूनीकरण गर्न मउवासंघको तर्फबाट सधैं सहकार्य रहने बताए । कार्यसमिति सदस्य तेजराज अधिकारी, महासचिव दीपक उप्रेतीलगायतले कार्यक्रममा ब्यवसायीले भोग्नु परेको समस्याका बारेमा धारणा राखेका थिए ।

# सिद्धार्थ माविमा निर्वाचनबाट विद्यालय र सदनको नेतृत्व चयन



साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ हेटौंडा-२ मा रहेको सिद्धार्थ माविमा विद्यालय क्याप्टेन, सह-क्याप्टेन, सदन क्याप्टेन र सह-क्याप्टेनको नेतृत्व चयनका लागि निर्वाचन भएको छ ।

विद्यार्थीलाई मतदाता शिक्षा र प्रयोगात्मक अभ्यासका लागि शुक्रबार विद्यालय क्याप्टेन, सह-क्याप्टेन, सदन क्याप्टेन र सह-क्याप्टेनको चयन निर्वाचन प्रणालीबाट गरिएको हो । शुक्रबार सम्पन्न निर्वाचनमा विद्यालय क्याप्टेनमा ३६५ मतसहित युवराज पण्डित निर्वाचित भएका छन् । ३५८ मतसहित सुमान राय विद्यालय सह-क्याप्टेनमा निर्वाचित भएका छन् । त्यसैगरी सम्पन्न निर्वाचन मार्फत् ६ वटा सदनमा क्याप्टेन र सह-क्याप्टेन गरी १२ जना निर्वाचित भएका छन् ।

सदनगत क्याप्टेनमा निलो सदनमा ८९ मतसहित कृष्ण यादव, सह-क्याप्टेनमा ७१ मतसहित सुबोध साह निर्वाचित भएका छन् । हरियो सदनमा ९० मतसहित उन्नति अर्याल, सह-क्याप्टेनमा ६७ मतसहित सन्ध्या सापकोटा निर्वाचित भएका छन् । सुन्तला सदनमा ५६ मतसहित निखिल सिंह सदन क्याप्टेन र ६० मतसहित दीपा न्यौपाने सह-याप्टेनमा विजयी भएका छन् । पहेँलो सदनमा ६३ मतसहित सदन क्याप्टेनमा निर्मला सिर्मल र सह-क्याप्टेनमा ७७ मत सहित सफलता लामा विजयी भएकी छिन् ।

त्यसैगरी प्याजी सदनमा ८७ मतसहित क्याप्टेनमा कन्हैया कुमार यादव र ८५ मतसहित सह-क्याप्टेनमा स्तोत्र लामिछाने निर्वाचित भएका छन् । रातो सदनको क्याप्टेनको नेतृत्व उज्वल पटेलले गरेको छन् । पटेलले ७८ मत प्राप्त गरेको थिए । त्यसैगरी रातो सदनको सह-क्याप्टेनमा अनुज पौडेल विजयी भएका छन् । पौडेलले सर्वाधिक ९५ मत प्राप्त गरेका थिए ।

आमनिर्वाचनकै झल्को दिनेगरी प्रदेश निर्वाचन आयोग बागमती प्रदेश हेटौंडाले मतपेटिका, छेकाबार, लगायतको सामग्री सहयोग गरेको विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक तथा सहायक मतदानअधिकृत टीकाप्रसाद दाहालले बताए ।

कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई मताधिकार र ६ देखि कक्षा १० सम्मका विद्यार्थी मात्रै उम्मेदवार बन्न पाउने व्यवस्था गरिएको थियो । कक्षा ६ देखि १० सम्मका अंग्रेजी र नेपाली माध्यममा अध्ययनरत ६ सय ७० जना विद्यार्थीले मतदान गरेको विद्यालयका सहायक प्रधानाध्यापक सागरप्रसाद खतिवडाले बताएका छन् । विद्यालयका प्रधानाध्यापक परमानन्द सरोज कर्ण मुख्य निर्वाचन अधिकृत रहेको निर्वाचनमा सदनगत मतदान गरिएको थियो । मतदान प्रकृयाका लागि विद्यालयले अघिल्लो साता कार्यतालिका सार्वजनिक गरेको सहायक प्रअ तथा सहायक मतदानअधिकृत खेमराज लामिछानेले जानकारी दिए ।

सदन संयोजक तथा सदस्यलाई मतदान अधिकृत र सहायक मतदान अधिकृतको जिम्मेवारी दिइएको थियो भने स्काउटका सदस्यलाई म्यादी प्रहरीको जिम्मेवारी दिइएको थियो । विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि, पत्रकार, मातहतका कार्यालय प्रमुख र अभिभावकलाई पर्यवेक्षक बनाइएको थियो । विजयी उम्मेदवारको प्रमाणपत्र वितरण र सपथ ग्रहण आइतबार गरिने सहायक मतदान अधिकृत दाहालले जानकारी दिएका छन् ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष बलराम घिमिरेले विद्यालय आयोजना गरिएको कार्यक्रमले मतदान प्रक्रियाको बारेमा जानकारी दिएको र विद्यार्थी नेतृत्व विद्यार्थी स्वयमले गर्न पाउनु लोकतान्त्रिक अभ्यास भएको बताएका छन् । निर्वाचनको शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुर प्रमुख दिनानाथ गौतम र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले अनुगमन गरेका थिए ।

# समस्याग्रस्त घोषणा हुन्छ, सिन्को भाँचिँदैन

काठमाडौं, ७ असार/ समस्याग्रस्त घोषणा भएको ६ वर्षभन्दा बढी समय हुँदा पनि त्यस्ता सहकारी संस्थाको सम्पत्ति तथा दायित्व राफसाफमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । तर, सरकार भने ६ वर्ष अगाडि समस्याग्रस्त घोषणा भएका तीन संस्थामा गरी ४० बचतकर्ताको मागदाबी भएको संस्थाको सम्पत्ति तथा दायित्व राफसाफ भएको विवरण देखाउँदै उल्लेख्य प्रगति भएको दाबी गरिरहेको छ ।

सहकारी विभागको सिफारिसमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले १८ असार २०७५ मा एकसाथ नौ सहकारीलाई समस्याग्रस्त घोषणा गरेको थियो । संघीयतापछि २०७४ मा आएको सहकारी ऐनले सहकारी संस्था अनुगमन, नियमन र इजाजत दिने अधिकार तीन तहको सरकारलाई दिएको थियो । जसमध्ये करिब १ सय ४५ संस्था मात्रै संघीय सरकारको नियमन क्षेत्रमा छन् । तीमध्ये १ सय २५ मात्रै प्रारम्भिक संस्था रहेको सहकारी विभाग अधिकारीहरू बताउँछन् ।

२०७५ असारमै समस्याग्रस्त घोषणा भएका तीन सहकारी संस्थाको मात्रै सम्पत्ति तथा दायित्व राफसाफ भएको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको तथ्यांक छ । राफसाफ भएका संस्थामध्ये एउटाको मात्रै बचत दायित्व १ करोड माथि थियो । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अनुसार कुवेर बचत तथा ऋण सहकारी संस्थाको सम्पत्ति तथा दायित्व राफसाफ सम्पन्न भएको छ ।

समितिको गत आर्थिक वर्ष २०७९/८० को प्रतिवेदन अनुसार उक्त सहकारी संस्थाबाट १० बचकर्ताको ५७ लाख ६३ हजार रुपैयाँको मागदाबी परेको थियो । संस्थाको २५ लाख ३२ हजार दाबी फिर्ता र ३२ लाख ३२ हजार बचत फिर्ता भएको समितिको प्रतिवेदनमा छ । सोही मितिमा समस्याग्रस्त घोषणा भएको स्ट्यान्डर्ड मल्टिपर्पोज कोअपरेटिभ सहकारी संस्थामा १६ जनाको ७५ लाख २९ हजारको मागदाबी परेको थियो । जसमध्ये ६२ लाख ६ हजार हिसाब मिलान भएको समितिले जनाएको छ । २१ लाख २२ हजार रुपैयाँ बराबर मागदाबी फिर्ता भएको समितिले जनाएको छ । यसरी संस्थाको बचत दायित्व राफसाफ भएको र ऋण असुली तथा अन्य सम्पत्ति व्यवस्थापन गरी सरकारलाई प्रतिवेदन पेस गर्नुपर्ने समितिका सदस्यसचिव केशवप्रसाद पौडेलले बताए ।

यी दुई संस्थाको गत आवमा नै दायित्व राफसाफ भएको थियो । चालु समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको गत आवको वार्षिक प्रतिवेदन अनुसार असार मसान्तसम्म ५२ प्रतिशत प्रगति भएको र चालु आव २०८०/८१ को प्रथम चौमासमा नै दायित्व राफसाफ हुने उल्लेख थियो ।

१६ जनाको ८४ लाख ११ हजारको मागदाबी रहेकोमा असारसम्म चार जनाको मात्रै मागदाबी बाँकी रहेको प्रतिवेदनमा उल्लेख थियो। चालु आव उक्त संस्थामा बचत दायित्व राफसाफ भएको समितिका सदस्यसचिव पौडेलले बताए । १८ असार २०७५ मा नै समस्याग्रस्त घोषणा भएका अन्य संस्थाको भने दायित्व राफसाफमा उल्लेख्य प्रगति भएको छैन । प्यासिफिकको करिब ७५ प्रतिशत र सोसाइटलको ५५ प्रतिशत तथा लु:निभाको ४८ प्रतिशत प्रगति भएको छ । अन्य संस्थाको प्रगति सन्तोषजनक छैन । सोसाइटल १९ फागुन २०७५ र लु:निभा १२ साउन २०७६ मा समस्याग्रस्त घोषणा भएको थियो ।

**ओरेन्टलका सुधीर बस्नेतलाई जग्गा दलालीमा सघाउदै समिति**

पटक-पटक मुद्दा मामिलामा गएर पछिल्लो पटक ७ असोज २०७९ मा समस्याग्रस्त घोषणा भएको ओरेन्टल कोअपरेटिभको भने समिति सहमतिमा सुधीर बस्नेतले जग्गा दिएर हिसाब मिलान गरिरहेका छन् । मितिले बस्नेतको सम्पत्ति बिक्री मार्फत बचतकर्ताको दाबी फिर्ता गर्नुपर्नेमा समितिले नै निर्णय गरेर जग्गामार्फत बचत फिर्ता गरेको हो ।

उक्त सहकारीको ४ हजार २ सय ५९ बचतकर्ताको ३ अर्ब १९ करोड ५० लाख २३ हजार मागदाबी मध्ये ६ सय १ बचतकर्ताको २४ करोडको हिसाब मिलान भएको छ । समिति सदस्यसचिव पौडेलका अनुसार जग्गा लिएर हिसाब मिलान गरी मागदाबी फिर्ता लिन चाहनेलाई समितिले सूचना प्रकाशित नै गरेर आह्वान गरेको बताउँछन् ।

'१७ भदौ २०८० मा बस्नेतले समितिमा कार्यायोजना पेस गरेको थियो,' समिति सदस्यसचिव पौडेलले संचारकर्मीसँग भने, 'उनले आफ्नो र ऋणीको नाममा रहेको जग्गामार्फत हिसाब मिलान गर्दै जाने भन्ने योजना पेस गरेका थिए । समितिका तत्कालीन अध्यक्ष काशिराज दाहाल नेतृत्वको समितिले त्यसलाई स्वीकार गरेको थियो । सोही अनुसार ७२ जना बचकर्ताले सुधीर बस्नेतसँग जग्गा लिएर २२ करोड रुपैयाँको मागदाबी फिर्ता लिएर हिसाब मिलान भएको हो ।'

कानुनत: समितिले सम्पत्ति र दायित्व व्यवस्थापन गर्ने जिम्मा पाएको भन्दै सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीलाई आधार मानेर समितिले निर्णय गरेर नै बस्नेतले जग्गा पास गरेर उक्त हिसाब मिलान गरेको पौडेलले बताए ।

जग्गा मूल्यांकन समितिले नभई बस्नेतले नै गर्ने र बस्नेतले तोकेको मूल्यमा बचतकर्ता जग्गा लिन तयार भए उनीहरूको स्वनिर्णयका आधारमा समितिले त्यसलाई स्वीकृत गरेको देखिन्छ ।

पछिल्लो समय समस्याग्रस्त अवस्थामा देखिएका अन्य सहकारीले चितवन, सर्लाही, बारा, सुनसरी र मोरङका विभिन्न ठाउँ लगेर तीन गुणासम्म महँगोमा बचतकर्तालाई पैसा थप्न लगाएर जग्गा बेच्ने धन्दा नै चलाएका छन् ।

सहकारी ठगीमा अनुसन्धान हुनुपर्ने सहकारी सञ्चालक र व्यवस्थापक यतिबेला जग्गा दालाली धन्दामा व्यस्त छन् । उनीहरूले स्थानीय जग्गाधनीलाई बैना मात्रै गरेको जग्गा उनीहरूको नाममा नै कित्ताकाट गर्ने र १० धुरको ५ देखि ६ लाख मूल्य भएको जग्गा १५ लाख पर्ने भन्दै बचतकर्तालाई अर्को ६ लाख थप्न लगाइ ९ लाख रुपैयाँ पासबुकबाट घटाउने गरी जग्गा पास गरिरहेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडाबाट २ करोड ७१ लाखको भेपसहित पाँचजना पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ हेटौंडाबाट ५८ कार्टुन चाइनिज भेप तथा भेपका फ्लेवर (विद्युतीय चुरोट) सहित मकवानपुर प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ ।

काठमाडौंबाट हेटौंडा हुँदै भारतको दिल्लीतर्फ जान लागेको ना ६ ख ७१६३ नम्बरको यात्रुबाहक बसमा दुई करोड ७१ लाख २१ हजार ७ सय ८० रुपैयाँ मूल्य बराबरको अवैध भेप तथा भेपको फ्लेवर फेला परेको मकवानपुरका एसपी सीताराम रिजालले जानकारी दिए । रिजालको कमाण्डमा खटिएको बागमती प्रदेश प्रहरी कार्यालय सहितको संयुक्त टोलीले बिहीवार साढे ७ बजे हेटौंडा-११ थानाभन्याङबाट बसलाई नियन्त्रणमा लिएको हो ।

बसका चालक दोलखा भीमेश्वर नगरपालिका-२ बस्ने ३७ वर्षीय सलाम मोक्तान, सहचालक उदयपुर कटारी नगरपालिका-११ बस्ने २७ वर्षीय प्रबिन्द्र राना, नुवाकोट दुप्चेश्वर गाउँपालिका-७ घर भएका ३९ वर्षीय इन्द्रबहादुर दर्जी, सोही ठाउँका ३० वर्षीय सन्तोष भुषाल र धनकुटाको बेलारा नगरपालिका-१६ बस्ने २९ वर्षीय राजकुमार हिमाडलाई प्रहरीले पक्राउ गरेको हो ।

बसमा भारत जाने यात्रु समेत रहेको र बस भारत नेपाल ओहोरदोहोर गर्ने नभई अवैध भेप तस्करीकै लागि भाडामा लिएर प्रयोग गरेको अनुसधान्बाट खुलेको एसपी रिजालले बताए । बसको यात्रु बस्ने सिटमाथि सिलिङको भागमा फल्सबटम बनाएर भेप लुकाएर राखेको प्रहरीले जनाएको छ । प्रहरीले बससहित पक्राउ परेका पाँचै जनालाई थप कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाउने तयारी गरेको छ ।

भेप काठमाडौंको बालाजु बसपार्क भन्दा माथि भत्केको पुल क्षेत्रस्थित रमाईलो डाँडाबाट लोड गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको एसपी रिजालले जनाए । बस भारत-नेपाल चल्ने आधिकारिक बस नभएको र बसमा फल्स सिलिङ पहिलेदेखि नै रहेको जनाइएको छ ।

एक महिनालाई बस भाडामा लिएर नेपाल, भारत र अन्य देशका यात्रुलाई भारत घुमाउने भन्दै नेपालस्थित भारतीय दुतावासबाट ५ असारमा मात्रै रोड पर्मिट लिएको खुलेको एसपी रिजालले जानकारी दिए । बसमा कुवेतबाट आएका भारत घर भएका यात्रुलाई ल्याइएको थियो । यात्रुलाई विश्वास दिलाउन नेपाल-भारतको दिल्ली चल्ने बसको भिजिटिङ कार्ड समेत दिइएको एसपी रिजालको भनाई छ ।

# नाबालिकामाथि जर्वजस्तीकरणीको आरोपमा प्रहरी जवान पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकाको भार्तास्थित प्रहरीचौकीभित्रै एक नाबालिका बलात्कृत भएको घटना सार्वजनिक भएको छ ।

कैलाश-३, स्थित प्रहरीचौकी भार्ताको भान्सा कोठामा र आफू बस्ने घरको भान्सा कोठामा पटकपटक बलात्कृत भएको भन्दै १७ वर्षीया नाबालिकाले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा जाहेरी दर्ता गराएकी छन् । नाबालिकामाथि जर्वजस्ती करणी गरेको आरोपमा प्रहरीचौकी भार्तामा कार्यरत् प्रहरी जवान कञ्चनपुर घर भएका २४ वर्षीय सन्तोष बोट हिरासतमा रहेको मकवानपुरका प्रहरी प्रमुख एसपी सीताराम रिजालले जानकारी दिएका छन् ।

आरोपित बोटले स्थानीय विद्यालयमा कक्षा ८ मा अध्ययनरत् नाबालिकामाथि अन्तिमपटक गत ११ जेठ २०८१ बिहानको १ बजेतिर जर्वजस्ती करणी गरेको मकवानपुर प्रहरीले जनाएको छ । पीडित नाबालिकालाई प्रेमको बाहानामा पटकपटक जर्वजस्तीकरणी गरेको प्रहरीमा दर्ता भएको जाहेरीमा उल्लेख गरिएको छ । नाबालिकाले १६ जेठमा आफनतका साथमा जिल्ला प्रहरी कार्यालयमा आएर जाहेरी दर्ता गराएकी हुन् ।

जाहेरीमा नाबालिकाले भार्ता प्रहरीचौकीको भान्सा कोठामा लगेर जवान बोटले पटकपटक जर्वजस्ती करणी गरेको उल्लेख गरेकी छन् । तर, घटना भएको मिति भने उल्लेख छैन । अन्तिम पटक ११ जेठमा पनि नाबालिका बस्दै आएको ३ नम्बर वडास्थित एक घरको भान्सा कोठामा जर्वजस्ती करणी गरेको आरोप लगाइएको छ । आरोपित बोटले गर्भपतन गराउने औषधि सेवन गर्न लगाएको नाबालिकाले उजुरीमा दाबी गरेकी छन् ।

१६ जेठमै जवान बोटलाई पक्राउ गरिएको एसपी रिजालले जानकारी दिए । घटनाको अनुसन्धान सकेर फाइल सरकारी वकिलको कार्यालयमा पठाइसकेको मकवानपुर प्रहरीले जनाएको छ ।

प्रहरीबाटै भएको जर्वजस्तीकरणीको घटना यतिन्जेल सम्म अनुसन्धानको नाममा गुपचुपमा राखिएको थियो । जवान बोट र नाबालिकाबीच ७/८ महिना अगाडिदेखि नै चिनाजान भएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

आरोपित बोटले नाबालिकालाई प्रेमपत्र लेखेर रातको समयमा भेट्न बोलाउने गरेको र प्रहरीले पत्र पनि फेला पारेको बताइएको छ । नाबालिकाको चिनजानकी एक महिलाले बोटले पठाएको प्रेमपत्र भेटेपछि सोधपुछ गर्दा उनीमाथि भएको घटना बाहिर आएको हो ।

प्रहरीचौकी भार्तामा ५ जना प्रहरी कार्यरत् छन् । प्रहरीचौकी भार्ताका इञ्चार्ज प्रहरी सहायक निरीक्षक नवीन कुँवरले घटना जाहेरी दर्ता भएपछि मात्रै थाहा पाएको बताए । प्रहरीचौकी र भान्सा कोठा छुट्टाछुट्टै ठाउँमा रहेकाले घटनाबारे आफूलाई जानकारी नभएको उनको भनाई छ ।

'म यहाँ आएको दुई महिनामात्रै भयो । मलाई त घटनाबारे केही थाहा थिएन, जाहेरी परेपछि मात्रै बुझें । चौकीको भान्सामा भएको घटनाको विषयमा पनि मलाई जानकारी भएन,' कुँवरले भने । दैनिक रुपमा २/३ जना नियमित फिल्डमा खटिने भएकाले चौकीमा दिनभर भएका सबै घटनाका बारेमा जानकारी हुन नसकेको कुँवरले उल्लेख गरेका छन् ।

# धितोपत्र बोर्डले अघि बढायो हकप्रद निष्कासन अनुमति

काठमाडौं, ७ असार/ नेपाल धितोपत्र बोर्डले हकप्रद सेयर निष्कासन अनुमति दिने कार्य अघि बढाएको छ ।

यसै क्रममा शुक्रबार मात्रै हिमालय ऊर्जा विकास कम्पनीलाई शत प्रतिशत हकप्रद सेयर निष्कासनको अनुमति दिएको हो । कम्पनीले ९९ लाख कित्ता हकप्रद सेयर निष्कासनको अनुमति पाएको छ । पुसयता हकप्रद निष्कासनको कार्य रोकिएको थियो ।

'कुनै कैफियत नभएका थप सेयर निष्कासनको लागि प्रक्रिया पूरा गरेका कम्पनीलाई क्रमिक रुपमा अघि बढाउने निर्णय भएको छ' कार्यकारी निर्देशक तथा प्रवक्ता नवराज अधिकारीले भने 'सोही अनुसार हकप्रद निष्कासनको अनुमति दिन थालिसकेका छौं ।'

प्राथमिक सेयर निष्कासन (आईपीओ)को कार्य भने तत्काल अघि नबढ्ने भएको छ ।

आईपीओ निष्कासनको स्वीकृतिका लागि बोर्ड बैठक बसेर केही निर्णय गर्नुपर्ने भएकाले हाललाई आईपीओ निष्कासन कार्य अघि नबढ्ने भएको हो ।

*(स्रोत: अनलाइनखबर)*

# विद्युत नियमन आयोगको अध्यक्षमा धिताल नियुक्त

काठमाडौं, ७ असार/सरकारले विद्युत नियमन आयोगको अध्यक्षमा रामप्रसाद धिताललाई नियुक्त गरेको छ । मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले आयोगको अध्यक्षमा धिताल र सदस्यहरूमा डा. मधुसुदन अधिकारी र झमकप्रसाद शर्मालाई नियुक्त गर्ने निर्णय गरेको हो ।

यस्तै राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी निर्देशकमा र जेन्द्रप्रसाद यादवलाई नियुक्त गरेको छ । बैठकले विश्व बैंकबाट उपलब्ध हुने ८० मिलियन डलर बराबरको सहुलियतपूर्ण ऋण सहायता र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशमा पछिल्लो भूकम्पका कारण भएको क्षतिको पुनर्निर्माण र पुनर्स्थापनाका लागि बेलायत सरकारबाट प्राप्त हुने थप ८.१ मिलियन पाउन्ड बराबर अनुदान स्वीकार गर्ने निर्णय गरेको कानुनमन्त्री पदम गिरीले जानकारी दिए ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना